☎ ०७८-५४०१७०, ५४१११६ फ्याक्स : ०७८-५४०४१५
E-mail : info@kawasotimun.gov.np
Website : kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)
## गण्डकी प्रदेश, नेपाल

च.नं.: ४८० मिति : २०८२/०५/१५
प.सं.: २०८२/०८३ ने.सं. : ११४५ गलाथ्व, ८ आइतबार

**विषय : मौज्दात प्रमाणित गर्ने/गराउने सम्बन्धी सूचना ।**

श्री : निर्माण सामग्री (गिट्टी, ढुंगा, बालुवा) व्यवसायी सबै,
श्री : इजाजत प्राप्त फर्म, क्रसर, अस्फाल्ट प्लान्ट सबै,
कावासोती नगरपालिका ।

प्रस्तुत विषयमा श्री जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी (ब.सु.पू.) को च.नं.४७ को पत्रानुसार यस कावासोती नगरपालिका क्षेत्र भित्र रहेका निर्माण सामग्री (गिट्टी, ढुंगा, वालुवा) व्यवसायी/फर्म/व्यक्तिहरुले पालिका क्षेत्र भित्र आफुले ठेक्का वा खरिद मार्फत प्राप्त गरी मौज्दात भण्डारण (स्टक) गरी राखेको निर्माण सामाग्रीहरुको परिमाण खुलेको कागजात सहित यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र तपसिलका कागजात सहित परिमाण प्रमाणित गर्नको लागि यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ साथै स्टक प्रमाणित भएको व्यवसायी वा विक्रेताबाट मात्र ढुङ्गा, गिट्टी बालुवा विक्री वितरण गर्न पाईने भएको हुँदा स्टक प्रमाणित नभएको व्यवसायी वा विक्रेता कसैले नदिजन्य पदार्थको विक्रि वा ओसारपसार गरेमा त्यस्तो ढुंगा, गिट्टी, बालुवाको प्राप्तिको श्रोत नखुलेमा उक्त समान अवैध ठहर गरी जफत तथा कारबाही हुने व्यहोरा जानकारी गराईन्छ ।

**परिमाण प्रमाणितका लागि पेश गर्नुपर्ने कागजातहरु :**

१. निर्माण सामग्री प्राप्तिको श्रोत (ठेक्का वा खरिद सम्बन्धी कागजातहरु) ।
२. मौज्दात खुलेको विवरण ।
३. आ.व. २०८१/८२ को खरिद तथा विक्रि किताब ।
४. सम्बन्धित फर्म/कम्पनि/व्यक्तिले सो कार्य गर्न लिइएको इजाजत पत्र ।
५. आ.व. २०८१/०८२ भन्दा अधिको मौज्दातको हकमा प्रत्येक आ.व.को मौज्दात प्रमाणितको निस्सा ।
६. निवेदन ।
७. गत आ.व.को कर चुक्ताको प्रमाण पत्र ।
८. अन्य आवश्यक कागजात ।

२०८२/५/१५
..............................
महेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

- श्री जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी (ब.सु.पू.) ।
- श्री जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू.) ।
- श्री जिल्ला प्रहरी कार्यालय, नवलपरासी (ब.सु.पू.) ।
- श्री शसस्त्र प्रहरी बल नेपाल, नवलपरासी (ब.सु.पू.) ।

**सादर अवगतार्थ :**

- श्रीमान् नगर प्रमुखज्यू ।
- श्रीमान् नगर उप-प्रमुखज्यू ।